मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पश्चिमेश्वर क्षेत्र चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ १३ गते बुधबार ❑ 27 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## नागरिकको दैनिक जीवनस्तर उकास्न सरकार प्रतिबद्ध छः प्रधानमन्त्री शाह

रासस
काठमाडौं, १२ जेठ

प्रधानमन्त्री वालेन्द्र शाहले वास्तविक र देखिने गरी नेपाली नागरिकको दैनिक जीवनस्तर उकास्न आफ्नो नेतृत्वको सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार काठमाडौँ र नयाँ दिल्लीस्थित युरोपेली सङ्घ (इयू) तथा यसका सदस्य राष्ट्रका राजदूत तथा काठमाडौँस्थित अन्य मुलुकका राजदूतहरूसँग भएको संयुक्त भेटवार्तामा प्रधानमन्त्री शाहले वर्तमान क्षणको अत्यावश्यकता र आफूहरूलाई सुम्पिएको गहन जिम्मेवारीको पूर्ण रूपमा बोध गरिरहेको बताउनुभयो।

प्रधानमन्त्री शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार उक्त भेटका क्रममा प्रधानमन्त्री शाहले नेपालमा हालै सम्पन्न निर्वाचन परिणामले सुशासन र समावेशी आर्थिक समृद्धिका लागि स्पष्ट तथा निर्णायक जनादेश दिएको र नयाँ सरकार गठन भए पनि नीतिगत निरन्तरता रहने स्पष्ट



पार्नुभयो । प्रधानमन्त्री शाहले भन्नुभयो, "नयाँ हुनुको अर्थ विगतबाट पूर्ण रूपमा अलग हुनु होइन । नेपालको नीति निर्देशन स्पष्ट, स्थिर र अनुमानयोग्य हुने सुनिश्चित गर्दै हामी लोकतान्त्रिक मूल्यमान्यताको संरक्षण र राजनीतिक स्थिरता कायम गर्न पूर्ण रूपमा प्रतिबद्ध छौँ ।" नेपालको सुशासन र अर्थतन्त्रको समावेशी वृद्धिका लागि आफ्नो नेतृत्वको सरकार प्रतिबद्ध रहेको उहाँले उल्लेख गर्नुभयो । जनताका लागि नयाँ अवसर सिर्जना गर्न सरकार विश्व बजारबाट लाभान्वित हुन चाहेको, बृहत् लगानी आकर्षित गर्न प्रक्रियाहरूलाई थप सहज बनाउँदै नवप्रवर्तनलाई प्रोत्साहन र दिगो विकास हासिल गर्न प्रतिबद्ध रहेको प्रधानमन्त्री शाहले बताउनुभयो । प्रधानमन्त्री शाहले नेपालले सन्तुलित एवम् व्यावहारिक विदेश नीतिको अवलम्बनलाई निरन्तरता दिने स्पष्ट पार्नुभयो । "हाम्रा छिमेकी, विकास साझेदार र मित्र राष्ट्रहरूसँगको सम्बन्ध आपसी सम्मान, सार्वभौम समानता र साझा समृद्धिका सिद्धान्तहरूद्वारा निर्देशित छ," उहाँले भन्नुभयो । नेपालको विकास तथा समृद्धिका लागि निरन्तर सद्भाव र सहयोग पुऱ्याउँदै आएको स्पष्ट पार्दै प्रधानमन्त्री शाहले नेपालका सबै विकास साझेदार र मित्रराष्ट्रहरूप्रति आभार प्रकट गर्नुभयो । साथै, उहाँले व्यापार, लगानी, हरित ऊर्जा, जलवायु, पर्यटन तथा अन्य प्रमुख क्षेत्रमा सहकार्य गर्न र त्यसलाई अझ सुदृढ बनाउन नेपाल लागिपरेको स्पष्ट पार्नुभयो ।

भेटका क्रममा प्रधानमन्त्री शाहले विश्वका विभिन्न भूभागहरूमा द्वन्द्वले निरन्तर प्रभाव पारिरहेका बेला सर्वसाधारण नागरिकले नै सबैभन्दा बढी पीडा भोग्नु परेको भन्दै शान्ति कायम गर्न सैन्य मुठभेडभन्दा संवाद, कूटनीति र अन्तरराष्ट्रिय कानुनले प्राथमिकता पाउनुपर्नेमा प्रधानमन्त्री शाहले जोड दिनुभयो । भेटमा काठमाडौँ र नयाँ दिल्लीस्थित युरोपियन युनियनका राजदूतहरू तथा काठमाडौँस्थित अन्य राजदूतहरूले शान्तिपूर्ण रूपमा चुनाव सम्पन्न गरेको भन्दै नेपालको प्रशंसा गर्नुभएको थियो । साथै, उहाँहरूले सुशासन, आर्थिक विकास र समृद्धिको म्यान्डेटसहित नयाँ सरकारको नेतृत्वमा पुग्नुभएकामा प्रधानमन्त्री शाहलाई बधाई दिनुभएको थियो । आर्थिक वृद्धि र समृद्धिका लागि विभिन्न क्षेत्रमा नेपालसँग सहकार्य तथा लगानी गर्न आफूहरू तयार रहेको उहाँहरूले उल्लेख गर्नुभयो ।

## गण्डकी प्रदेशसभामा विनियोजन विधेयक प्रस्तुत

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रममार्फत विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेको छ।

आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले प्रदेशसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नुभएको हो । उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणमा टेवा पुऱ्याउने नवप्रवर्तन, प्रविधिमैत्री र स्टार्टअप आयोजना तथा कार्यक्रमलाई विनियोजन विधेयक, २०८३ मा समेटिएका छन् ।

विधेयकले सीमान्तकृत, लोपोन्मुख र पिछडिएका वर्ग तथा क्षेत्र लक्षित कार्यक्रममार्फत कृषि क्षेत्रको व्यावसायीकरण, यान्त्रिकीकरण र बजारीकरण गरी उत्पादन एवम् उत्पादकत्व वृद्धिमा जोड दिइने उल्लेख छ ।

त्यसैगरी, स्थानीय तहसँगको समन्वय र साझेदारीमा 'एक पालिकाः एक गन्तव्य' एवम् 'आदर्श ग्राम' अवधारणालाई अगाडि बढाउने, 'उज्यालो गण्डकी प्रदेश' अभियान सम्पन्न गर्ने सरकारको लक्ष्य छ ।

विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि बुधबार बस्ने प्रदेशसभा बैठकमा छलफल हुने प्रदेशसभा सचिवालयले जनाएको छ ।

## प्रतिनिधिसभामा छिट्टै प्रधानमन्त्री आएर जवाफ दिनुहुन्छः सभामुख अर्याल

रासस
काठमाडौं, १२ जेठ

प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले प्रधानमन्त्री वालेन्द्र शाह छिट्टै सदनमा आउने तयारीमा रहनुभएको जानकारी गराउनुभएको छ।

सभाको बैठकमा विपक्षी दलहरूले प्रधानमन्त्री शाहको उपस्थिति र जवाफको लगातार माग गरेपछि सभामुख अर्यालले आफूले गरेको अनौपचारिक संवादका क्रममा प्रधानमन्त्री शाह सदनमा आउने तयारीमा रहनुभएकाले अवरोध नगर्न आग्रह गर्नुभयो । उहाँले सरकारका तर्फबाट औपचारिक पत्र प्राप्त भएपछि प्रधानमन्त्री शाह आउने मिति तय गर्ने जनाउनुभयो । सभामुख अर्यालले कानुन निर्माणका प्रक्रियामा धेरै काम बाँकी रहेकाले सदनमा अवरोध नगर्न विपक्षी दलका सांसदलाई आग्रह गर्नुभयो ।

यसअघि बैठकमा सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले एक साताभित्र प्रधानमन्त्री शाह सदनमा आउने अवगत गराउनुभएको थियो ।

## असिना पानीले मकै, फलफूल तथा तरकारी बालीमा क्षति

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

सोमबार आएको हावाहुरीसहितको असिना पानीका कारण पोखराका विभिन्न स्थानमा मकै, फलफूल तथा तरकारी बालीमा क्षति पुगेको छ। हावाहुरीसहितको असिना पानीका कारण महानगर क्षेत्रका वडा नं १३, २२, २३, २४, २८, ३१, ३२, ३३ लगायतका वडामा लगाइएको मकैसहित फलफूल तथा तरकारी बारीमा क्षति पुगेको पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो।

कृषि प्राविधिक एवम् वडास्तरीय कृषि सञ्जालबाट क्षतिको विवरण सङ्कलन सुरु गरिएको छ । वडा नं १३ मा लगाइएको करिब २०० रोपनी क्षेत्रफलको तरबुजालाई असिनाले क्षति पुऱ्याएको छ। सुरौदी खोलामा पानीको बहाव बढेपछि महानगरको ३३ नं वडाको सुरौदी तिखेढुङ्गा क्षेत्रमा पुल नहुँदा ३५ रोपनीभन्दा बढी क्षेत्रफलमा लगाइएको तरबुजा बजारमा ल्याउन मुस्किल भएको छ।

## मुलुकका अगाडि रहेका समस्या समाधानमा पर्यटन उद्योगले योगदान दिन सक्नुपर्छ :मन्त्री पौडेल

रासस
काठमाडौं, १२ जेठ


संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले मुलुकका सामु रहेका समस्या समाधानमा पर्यटन उद्योगले योगदान दिन सक्नेगरी नीतिहरू बनाइनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा 'पर्यटन विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले पर्यटनलाई प्रकृति र संस्कृतिसँग जोडेर लैजानुपर्ने बताउनुभयो ।

"पर्यटन खासमा व्यवस्थापकीय कला हो, त्यो व्यवस्थापकीय क्षमतालाई कानुनले नियमन गर्नुपर्छ, कुनै न कुनै तरिकाले पर्यटकीय गतिविधिको लाभ

बाँकी अन्तिम पृष्ठमा ▶▶



# फोनिज गण्डकीको समावेशी पत्रकारिता तथा क्षमता अभिवृद्धि तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ जेठ

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकीको आयोजनामा पोखरामा समावेशी पत्रकारिता तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम भएको छ।

प्रेस रेजिष्ट्रारको कार्यालय गण्डकी प्रदेशको सहयोगमा भएको तालिम मंगलबार र बुधबार हुनेछ । तालिमको गण्डकी प्रदेशकी प्रेस रजिष्ट्रार विमला भण्डारीले उद्घाटन गरिन् । उक्त कार्यक्रममा प्रेस रजिष्ट्रार भण्डारीले पत्रकारितामा निरन्तरको तालिम र क्षमता अभिवृद्धि अपरिहार्य रहेको बताइन्। भण्डारीले समाजको पिँधमा रहेका आवाजहरूलाई मूलधारमा ल्याउनुपर्ने धारणा राखिन् । गुरुङ, मगर, थकाली, तामाङ र दलित लगायतका विभिन्न जातजाति र भाषाभाषीको विविधताले सजिएको गण्डकी प्रदेशमा सबैका कथा र व्यथाहरुलाई सञ्चार माध्यमले स्थान दिनुपर्ने उनको भनाइ थियो।




रजिष्ट्रार भण्डारीले भनीन्, 'समावेशी पत्रकारिता भनेको एउटा कोटा प्रणाली जस्तो मात्र होइन, बरु जसले समाजको पिँधमा रहेका मानिसहरूको आवाजलाई केन्द्रसम्म ल्याउँछ, त्यो नै समावेशिताको वास्तविक नमुना हो ।' उनले पत्रकारितालाई केवल सूचना प्रवाह गर्ने माध्यम मात्र नभई समाजको न्यायको कडीका रुपमा समेत व्याख्या गरिन् । भण्डारीले पत्रकारहरु आफ्नो पहिचान र संस्कृतिको 'ब्रान्ड एम्बेसडर' समेत भएको उल्लेख गर्दै उनीहरुको व्यावसायिक सुरक्षा र क्षमता विकासका लागि सरकार सदैव प्रतिबद्ध रहेको बताइन् । आगामी वर्षको बजेट र योजनाहरूमा पत्रकारहरुको आवश्यकतालाई सम्बोधन गर्ने गरी प्रस्तावहरु ल्याउन समेत उनले सम्बन्धित पक्षलाई आग्रह गरिन् । उनले तालिममा सिकेका कुराहरूलाई केवल प्रमाणपत्रमा मात्र सीमित नराखी व्यवहारमा उतार्न सहभागीहरूलाई सुझाव दिइन्।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) का संघीय महासचिव समिर बलामीले पत्रकारितामा समावेशिताको मुद्दालाई केवल नारामा मात्र सीमित नगरी व्यवहारमा उतार्न आवश्यक रहेकोमा जोड दिए । उनका अनुसार फोनिजको स्थापना केवल छुट्टै संगठन बनाउनका लागि मात्र नभई राज्यको पहुँचबाट टाढा रहेका, सीमान्तकृत र अल्पसंख्यक समुदायका आवाजलाई मूलधारको सञ्चार माध्यममा ल्याउनका लागि भएको हो । उनले भने, 'हामीले गर्ने दैनिक पत्रकारितामा कम्तीमा २० देखि २५ प्रतिशत समाचारहरू समावेशिता, आदिवासी जनजातिका मूल मुद्दा र ओझेलमा परेका समुदायका विषयमा केन्द्रित हुनुपर्दछ, तब मात्र हाम्रो व्यावसायिक पहिचानको औचित्य पुष्टि हुन्छ ।' कार्यक्रममा उनले अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि (आईएलओ १६९) र नेपालको संविधानले प्रत्याभूत गरेका आदिवासी जनजातिका अधिकारका बारेमा पत्रकारहरु जानकार हुनुपर्नेमा बताए । कानुन र अधिकारका बारेमा स्पष्ट भएपछि मात्र पत्रकारले सशक्त रूपमा समाचार पैरवी गर्न सक्ने उनको तर्क थियो । उनले भने, 'राज्यका विभिन्न निकायमा समावेशिताको कार्यान्वयन भए/नभएको बारे सञ्चार माध्यमबाट खबरदारी गर्नु हाम्रो मुख्य दायित्व हो ।' समावेशी सिद्धान्त र सीमान्तकृत वर्गको हकहितका लागि पत्रकारितामार्फत निरन्तर लडिरहनुपर्ने उनले बताए।

नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशकी महासचिव जमुना वर्षा शर्माले आदिवासी जनजाति समुदायमा रहेका प्रतिभा र उनीहरूका मुद्दालाई सञ्चार माध्यमको मूलधारमा ल्याउन विशेष पहल आवश्यक रहेको बताइन् । यो किसिमको तालिमले ओझेलमा परेका आवाजलाई स्थापित गर्न र पत्रकारहरूको क्षमता विकासमा महत्वपूर्ण भूमिका खेल्ने उनको विश्वास छ । महासचिव शर्माले मिडियाको निष्पक्षता र स्वतन्त्रताले नै लोकतन्त्रलाई बलियो बनाउने धारणा राखिन् । उनले भनिन्, 'मिडिया निष्पक्ष भए मात्र लोकतन्त्र संस्थागत र बलियो हुन्छ, यसका लागि सबै क्षेत्रबाट दबाब र आवाज उठाउन जरुरी छ ।' तालिममा कास्की, स्याङ्जा, बागलुङ, म्याग्दीलगायत जिल्लाका ५० जना पत्रकार सहभागी छन् । तालिमको प्रशिक्षकमा फोनिजका संघीय सल्लाहकार शान्ति गुरुङ, संघीय सचिव एमबी आस्थामगर, फोनिज गण्डकीका सल्लाहकारहरु हुमबहादुर गुरुङ, दीपेन्द्र श्रेष्ठ र मनोज घर्ती मगर रहेका छन्। फोनिज गण्डकीकी अध्यक्ष खिमा गुरुङको अध्यक्षतामा भएको तालिम उद्घाटन कार्यक्रमको सञ्चालन महासचिव सुरज थापाले गरेका थिए।



पुम्दीकोटमा भारतीय पर्यटक : कास्कीको पुम्दीकोटमा मङ्गलबार शिवको मूर्ति अवलोकन गर्दै भारतीय पर्यटक । पछिल्लो समय हजारौँको संख्यामा भारतीय पर्यटक पोखरा भ्रमणमा आउने गरेका छन् । तस्बिरः प्रदीपराज वन्त/रासस

# अन्नपूर्ण डेमा जेठ २० गते दोस्रो संस्करणको अन्नपूर्ण रेस हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ जेठ

विश्वकै चर्चीत अन्नपूर्ण प्रथम हिमालको आधार शिविर क्षेत्रमा दोस्रो संस्करणको अन्नपूर्ण रेस प्रतियोगिता आयोजना हुने भएको छ।

अन्नपूर्ण पर्यटन महोत्सव समिति, अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ म्याग्दीको आयोजनामा अन्नपूर्ण डे अर्थात् जेठ २० गते म्याराथन प्रतियोगिताको रुपमा संचालन गर्ने उद्धेश्य अनुसार हाल ३८ किलोमिटर दौड सञ्चालन गर्न लागिएको समितिले जनाएको छ।

अन्नपूर्ण प्रथम हिमाल आरोहणको ऐतिहासिक दिवसलाई स्मरण गर्दै आयोजना गर्न लागिएको प्रतियोगिता अन्नपूर्ण आधार शिविर क्षेत्रको पर्यटन प्रवर्द्धनसँगै साहसिक खेल पर्यटन विकासमा केन्द्रित रहने प्रतियोगिता संयोजक लोकबहादुर फगामीले बताउनु भयो । उक्त दौड अन्नपूर्ण प्रथम हिमालको आधार शिविरस्थित पञ्चकुण्ड तालबाट सुरु भएर नारच्याङ गाउँमा आएर सम्पन्न हुनेछ । समुद्री सतहदेखि करिब ४ हजार १ सय मिटर उचाइमा रहेको आधार शिविरबाट सुरु हुने दौड मौरिस हर्जोग पदमार्ग हुँदै सञ्चालन गरिने सचिव तेज बहादुर गुरुङले बताउनु भयो।

"अन्नपूर्ण हिमाल आरोहणको ७५ वर्षे ऐतिहासिक सन्दर्भलाई खेल पर्यटनसँग जोड्ने उद्देश्यले प्रतियोगितालाई निरन्तरता दिएका हौं," संयोजक फगामीले भन्नुभयो, "यसले म्याग्दीको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरेका छौं।" आधार शिविरबाट सुरु हुने दौड भुस्केटमेला, गुफाफाँट, फुतफुते झरना, हुमखोला, छोटेपा हुँदै नारच्याङ गाउँमा पुगेर टुंगिनेछ । अन्नपूर्ण पर्यटन महोत्सव समितिका सचिव तेजबहादुर गुरुङले प्रतियोगितामा जिल्लाभित्रका स्थानीय तहका खेलाडीलाई प्राथमिकता दिइएको जानकारी दिनुभयो । उहाँका अनुसार अन्नपूर्ण गाउँपालिकाका प्रत्येक वडाबाट पाँच/पाँच जना तथा अन्य स्थानीय तहबाट दुई/दुई जनाका दरले प्रतियोगी सहभागी हुनेछन् । प्रतियोगितामा पुरुष तथा महिला दुवैतर्फ प्रथम हुने खेलाडीले समान १ लाख रुपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र प्राप्त गर्नेछन् भने द्वितीय हुनेले ६० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ।

अन्य उत्कृष्ट खेलाडीलाई समेत पुरस्कार तथा सम्मान प्रदान गरिने तयारी गरिएको छ । सचिव गुरुङले अन्नपूर्ण डे केवल खेलकुदमा सीमित नभई पर्यटन, संस्कृति र स्थानीय पहिचानसँग जोडिएको विशेष उत्सवका रूपमा मनाउन लागिएको बताउनुभयो । "अन्नपूर्ण क्षेत्रको प्राकृतिक सौन्दर्य, साहसिक पर्यटन र स्थानीय संस्कृतिलाई विश्वसामु चिनाउने हाम्रो उद्देश्य हो," उहाँले भन्नुभयो।

फ्रान्सेली नागरिक मौरिस हर्जोग नेतृत्वको टोलीले विसं २००७ जेठ २० गते अन्नपूर्ण प्रथम हिमाल सफल आरोहण गरेको दिनको सम्झनामा प्रत्येक वर्ष अन्नपूर्ण डे मनाइँदै आएको छ। पछिल्ला वर्षहरूमा अन्नपूर्ण क्षेत्रमा खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले अन्नपूर्ण रेस प्रतियोगितालाई पनि महोत्सवको मुख्य आकर्षणका रूपमा अघि बढाइएको छ।

# मादी गाउँपालिकाका शिक्षकलाई सूचना प्रविधिसम्बन्धी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १२ जेठ

कास्कीको मादी गाउँपालिकाका शिक्षकहरूलाई सञ्चार तथा सूचना प्रविधिसम्बन्धी तालिम दिइएको छ।

पाँच दिवसीय तालिममा गाउँपालिकाअन्तर्गत आधार भूतदेखि माध्यमिक तहसम्मका ४८ जना शिक्षकरूको सहभागिता थियो।

तालिममा शिक्षा तालिम केन्द्र, गण्डकी प्रदेशका रोस्टर प्रशिक्षकहरू रुपिन्द्र प्रभावी, खेमराज पौडेल र कीर्तिराज ढकालले पावरप्वाइन्ट, एक्सेल, एआई, माइक्रोसफ्ट वर्ड, गुगल एप्लिकेसनहरू, इमेल, इन्टरनेट, महत्त्वपूर्ण शैक्षिक वेबसाइटहरूबारे सहजीकरण गर्नुभएको थियो । शिक्षकरूलाई समयसापेक्ष प्रविधिमैत्री बनाउनका लागि तालिम दिइएको गाउँपालिकाका अध्यक्ष देवीजङ गुरुङले बताउनुभयो। शिक्षकहरूको क्षमता विकास गाउँपालिकाको प्राथमिकतामा रहेको उल्लेख गर्दै उहाँले सिक्ने कुरामा उमेर बाधक नबन्ने बताउनुभयो । गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख खगेन्द्र लामिछानेले आजका विद्यार्थीलाई प्रविधियुक्त सिकाइ अनिवार्य रहेको जनाउँदै गाउँपालिकाभित्रका सबै विद्यालयमा आवश्यक प्रविधिको व्यवस्था गरिएको जानकारी गराउनुभयो । शिक्षक अब प्रविधिमैत्री नबनेका अवस्थामा विद्यार्थीको सिकाइमा नकारात्मक असर पर्ने उहाँको भनाइ छ।


## ऋणी सदस्य एवं जमानतकर्तालाई अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः २०८३/०२/१३ गते**

यस संस्थाको विभिन्न कार्यालयबाट विभिन्न प्रयोजनको लागि ऋण सुविधा लिएर तोकिएको वा सम्झौता बमोजिमको समयावधिभित्र ऋणको साँवा व्याज नबुझाई ऋण सम्झौताका शर्तहरु उल्लङ्घन गर्नुहुने सम्पूर्ण ऋणी सदस्य तथा सम्बन्धित ऋण सिफारिस/धनजमानतकर्ता एवं परिवारलाई यस संस्थाले पटकपटक विभिन्न माध्यमबाट ऋणको साँवा व्याज, हर्जाना यथासक्य छिटो चुक्ता भुक्तानी गर्न गराउन अनुरोध सहित फोन, एस एम एस एवं ताकेता पत्र प्रेसित गर्दा समेत ऋणी सदस्यले कारोबार नियमित नगरेको र ऋणी सदस्यहरु संस्थाको सम्पर्कमा नै नआउनु भएकोले त्यस्ता सम्पूर्ण ऋणी सदस्य, जमानतकर्ताहरुलाई यही **२०८३ जेठ १९ गते मंगलबार** भित्र संस्थामा सम्पर्क गरी ऋणको साँवा, व्याज, हर्जना चुक्ता भुक्तानी गर्न गराउन फोन, एस एम एस एवं अन्तिम ताकेता पत्र स्वरुप यो सूचना पुनः प्रेसित गरिएको व्यहोरा अनुरोध छ।

संस्थाको उक्त अनुरोधको बाबजुद पनि ऋणी सदस्य तथा जमानतकर्ता/सिफारिसकर्ता एवं परिवारजनले ऋण नियमित गर्ने गराउने तर्फ कुनै चासो नदेखाएमा ऋणी सदस्य, परिवारजन एवं धनजमानतकर्ताको नाउँमा संस्थामा रहेको शेयर एवं बचतबाट ऋण मिलान गर्ने र सो पश्चात पनि ऋण असुली हुन नसकेमा त्यस्ता ऋणी तथा ऋण जमानतकर्ता/सिफारिसकर्ता एवं परिवारबाट ऋण असुल उपर गर्न गराउन संस्थाले थप कानुनी प्रक्रिया अगाडि बढाउन लागेको व्यहोरा यसै पत्रसाथ जानकारी गराइन्छ। अतः कानुनी कारबाहीको प्रक्रियाबाट ऋण असुल उपर गर्ने क्रममा संस्थाले ऋण तथा सम्बन्धित जमानतकर्ता/सिफारिसकर्ताको फोटो सहितको तीन पुस्ते विवरण सामाजिक सञ्जाल र सार्वजनिक सञ्चार माध्यममा चरणवद्ध रुपमा प्रकाशन गर्ने गराउने र यसरी प्रकाशित विवरण जानकारीको लागि सम्पूर्ण बैंक वित्तिय संस्था, स्थानिय निकाय एवं अन्य प्रशासनिक निकायलाई समेत पठाईने व्यहोरा अग्रिम रुपमा जानकारी गराईन्छ। यसरी फोटो सहितको तीनपुस्ते विवरण सार्वजनिक रुपमा प्रकाशित गर्दा र त्यस्तो विवरण बैंक वित्तिय संस्था एवं अन्य प्रशासनिक निकायमा पठाएको कारणले कुनै सदस्य, सिफारिस कर्ता/जमानतकर्ताको सामाजिक, नैतिक मान प्रतिष्ठा र विश्वसनियतामा आँच पुग्न गएमा सम्बन्धित व्यक्ती नै जिम्मेवार रहने व्यहोरा पनि यसै सूचना मार्फत अग्रिम रुपमा जानकारी गराउँदै हालसम्म संस्थामा तिर्न बुझाउन बाँकी रकम यथासक्य छिटो चुक्ता भुक्तानी गर्न गराउन हुन अनुरोध छ।

**पुनश्चः–**

- संस्थाका सम्पूर्ण शेयर सदस्यहरुले नियामक निकायको निर्देशन अनुसार सदस्य पहिचान फाराम KYM (Know Your Member) मा विवरण अद्यावधिक गर्न अनिवार्य भएकाले बाँकी रहेका सदस्यले मिति २०८३ असार मसान्तभित्र नागरिकता, राष्ट्रिय परिचय पत्र एवं हालसालै खिचेको फोटो १ प्रति सहित संस्थामा उपस्थित भई अनिवार्य अद्यावधिक गर्न सूचित गरिन्छ।
- मासिक बचत जम्मा गर्न बाँकी सदस्यहरुले मासिक एवं अन्य बचत नियमित गर्दै शेयर रकम थप गर्न चाहने सदस्यहरुले पनि संस्थामा सम्पर्क गरि सेयर रकम थप गर्न सक्नुहुनेछ।

"सहकारीमार्फत् आत्मनिर्भरता"
जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.
Jayalaxmi Saving & Credit Co-operative Society Ltd.
मुख्य कार्यालय : पोखरा-१६, लामाचौर फोन : ०६१-४५२२६६


## मुलुकका ...

समाजले पाउनुपर्छ", मन्त्री पौडेलले भन्नुभयो । उक्त प्रस्तावमाथिको छलफलमा सांसद अशोकुमार चौधरी, सुशील खड्का, जगदीश खरेल, गणेश कार्की, खुश्बु ओली, रमेश मल्ल, गङ्गालक्ष्मी अवाल, बलावती शर्मा, रेनुका काउँचा, गणेशबहादुर विश्वकर्मा, निश्कल राई, जयपति रोकाया, पार्वती विक, प्रमिलाकुमारी गच्छदार, जनकराज गिरी, गीताकुमारी सेन्दाङ, गुरूप्रसाद बराल, खड्ग शाही, रिना उप्रेती, विपिनकुमार आचार्य, सन्दीप राना, आरेन राई, हरिमोहन भण्डारी र लिमा अधिकारीले भाग लिनुभयो।

त्यसअघि बैठकमा पर्यटनमन्त्री पौडेलले 'पर्यटन विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तावलाई सभाले सर्वसम्मतिले स्वीकृत गरेको थियो । बैठकमा सभामुख डोलप्रसाद अर्यालले सो विधेयकमाथि संशोधन राख्न चाहनुहुने सांसदले संसद् सचिवालयमा दिन सक्ने जानकारी गराउनुभयो।


## जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं।

◆ जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो–यसको अन्त्य गरौं,
◆ सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
◆ विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
◆ दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
◆ शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
◆ हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
◆ एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं ।
समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसल्लानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्बे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पित्तास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।

- विदुरनीति

## सम्पादकीय

# क्यान्सरको औषधि आपूर्तिमा ढिलाइ नगर

क्यान्सर उपचारमा प्रयोग हुने कार्बोप्लाटिन, सिस्प्लाटिन र अक्सालिप्लाटिनजस्ता जीवनरक्षक औषधि बजारमा अभाव भएपछि सयौं बिरामीको नियमित उपचार प्रक्रिया नै रोकिने अवस्थामा पुगेको छ। क्यान्सर रोगसँग लडिरहेका बिरामीहरू जीवनरक्षक औषधिको अभाव झेलिरहेका छन्। उपचार सम्भव भएका बिरामीसमेत नियमित केमोथेरापी रोकिँदा जीवन-मृत्युको दोसाँधमा पुगेका छन्। क्यान्सर रोग विशेषज्ञहरूका अनुसार उपचारको नियमित चक्र रोकिनु भनेको केवल उपचार ढिला हुनु मात्र होइन, निको हुने सम्भावना न्यून हुनु र कतिपय अवस्थामा ज्यानै जोखिममा पर्नु हो। यस्तो अवस्था कुनै आकस्मिक संकट होइन, यो लोककल्याणकारी राज्यको दीर्घकालीन नीतिगत जडता र प्रशासनिक असफलताको परिणाम हो।

अन्तर्राष्ट्रिय बजारमा कच्चा पदार्थको मूल्य बढ्दै गए पनि नेपालमा पुरानै मूल्यमा औषधि बेच्नुपर्ने बाध्यताले आयातकर्ताहरू पछाडि हटेका छन्। भारतलगायत मुलुकले हरेक वर्ष मूल्य समायोजन गरिरहेका बेला नेपालमा भने एक दशकभन्दा बढी समयसम्म कुनै पुनरावलोकन नहुनु नियामक निकायको गम्भीर कमजोरी हो। अझ चिन्ताजनक पक्ष के छ भने आयातकर्ताहरूले दुई महिनाअघि नै सम्भावित अभावबारे स्वास्थ्य मन्त्रालय र औषधि व्यवस्था विभागलाई जानकारी गराएका रहेछन्। जीवनरक्षक औषधिलाई सामान्य व्यापारिक वस्तुको रूपमा होइन, नागरिकको बाँच्न पाउने मौलिक अधिकारसँग जोडिएको विषयका रूपमा हेर्नुपर्छ। प्रशासनिक ढिलासुस्ती वा प्रक्रियागत कठोरताको मूल्य बिरामीले सहन गर्नुपर्ने अवस्था कुनै पनि जिम्मेवार राज्यका लागि स्वीकार्य हुन सक्दैन। नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकका रूपमा स्वीकारेको छ।

आकस्मिक स्वास्थ्यसेवाबाट कसैलाई पनि वञ्चित नगर्ने तथा स्वास्थ्य उपचारको जानकारी पाउने हक सुनिश्चित गरेको छ। तर, क्यान्सरका बिरामीका लागि जीवन रक्षक मानिएका औषधि अभाव हुनुले मुलुकको स्वास्थ्य प्रणालीको गम्भीर कमजोरीलाई उजागर गरेको छ। जीवनरक्षक औषधिको न्यूनतम मौज्दात नभएको र आपूर्ति व्यवस्थापन कमजोर छ रहेको चित्रण भएको छ। राज्यसँग नागरिकको स्वास्थ्य सुरक्षालाई दीर्घकालीन दृष्टिले हेर्ने स्पष्ट नीति पनि देखिँदैन। सार्वजनिक स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा राज्यको तयारी यति कमजोर हुनु दुर्भाग्यपूर्ण हो।

अब सरकारले तत्काल आपत्कालीन आयात, सहज आपूर्ति र उपचाररत बिरामीलाई प्राथमिकता दिने व्यवस्था गर्नुपर्छ। यसका लागि सम्बन्धित औषधिको पर्याप्त उपलब्धता सुनिश्चित गर्न सम्बन्धित निकाय, उत्पादक, आयातकर्ता तथा सरोकारवालासँग तत्काल आवश्यक समन्वय तथा व्यवस्थापनका लागि सहकार्य जरुरी छ। साथै औषधिको उपलब्धता, मौज्दात अवस्था र आपूर्ति व्यवस्थाको निरन्तर अनुगमन गर्नुपर्छ। सरकारले अत्यावश्यक औषधिहरूको राष्ट्रिय सूची परिमार्जन तथा पुनर्निर्माण गर्न ढिलाइ गर्नुहुँदैन। नागरिकको स्वास्थ्य र जीवनको रक्षा गर्नु राज्यको पहिलो र आधारभूत दायित्व हो।

औषधि अभावको समस्यालाई दीर्घकालीन रूपमा रूपमा समाधान गर्न वार्षिक वा व्यावहारिक रूपमा वैज्ञानिक ढंगले स्वचालित मूल्य समायोजन प्रणाली अपनाउनुपर्छ। जीवनरक्षक औषधिको राष्ट्रिय भण्डारण र आपूर्ति शृंखला सुदृढ गर्ने नीति अवलम्बन गरी लागू गर्नु आवश्यक छ। सरकारले औषधिको आयातलाई न्यूनीकरण गर्दै स्वदेशमै गुणस्तरीय औषधिको उत्पादन बढाउन प्रोत्साहन गर्नुपर्छ। औषधिको बिक्रीवितरण, सञ्चयको प्रभावकारी नियमन गर्नुपर्छ। ढिलै भए पनि औषधि व्यवस्था विभागले अहिले आएर अनुगमन, समन्वयको प्रक्रिया अघि बढाएको दाबी गरेको छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक तनाब | **तुला** | : आर्थिक समस्या |
| **वृष** | : सहयोग मिल्नेछ | **वृश्चिक** | : शत्रुको भय |
| **मिथुन** | : ब्यापारमा लाभ | **धनु** | : कार्यमा सफलता |
| **कर्कट** | : झमेला बढ्ने | **मकर** | : सत्कार मिल्नेछ |
| **सिंह** | : शुभ यात्रा | **कुम्भ** | : अप्रत्यसित लाभ |
| **कन्या** | : स्वास्थ्यमा सुधार | **मीन** | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# फुटसल टुर्नामेण्ट हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १२ जेठ

पोखरा कलेज अफ म्यानेज्मेण्टको आयोजनामा प्रथम पिसिएम प्लस टु फुटसल टुर्नामेण्ट हुने भएको छ। 'च्याम्पिन फर टुडे, लिडर्स फर टुमारो' भन्ने नाराका साथ हुने उक्त प्रतियोगिता यहि जेष्ठ १५ र १६ गते गणेशटोलस्थित बि-फिटमा सञ्चालन गरिने कलेजले जनाएको छ।

प्रतियोगितामा प्रथम हुने समुहले नगद रु २० हजार सहित ट्रूफि मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछ। त्यसैगरि द्धितिय हुने समुहले नगद रु १५ हजार सहित ट्रूफि मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछ। युवा नेतृत्व विकास तथा विद्यार्थी मैत्री गतिविधी बढाउने उद्येश्यका साथ यो प्रतियोगिता आयोजना गर्न लागेको कलेजका प्राचार्य लिना नेगी श्रेष्ठले बताउनुभयो। खेल संयोजक प्रतिक राइका अनुसार प्रतियोगितामा झण्डै २० कलेजको सहभागिता रहने छ। १२ कक्षाको परिक्षा दिएर बसेका विद्यार्थीले प्रतियोगितामा भाग लिन पाउने छन्। प्रतियोगितामा भाग लिन दर्ता शुल्क लाग्नेछैन। यसैगरि कलेजले सोहि मितिमा अन्तर कलेज पब्जी प्रतियोगिता पनि गर्दैछ। पब्जीमा प्रथम हुनेले नगद रु १० हजार तथा द्धितियले नगद रु ५ हजार सहित ट्रूफि मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन्। जेष्ठ ३० र ३१ गते कलेजकै खेल मैदानमा छात्र/छात्रा बास्केटबल प्रतियोगिता हुनेछ। बास्केटबलमा छात्रतर्फ प्रथम हुनेले नगद रु १५ हजार तथा द्धितियले नगद रु १० हजार सहित ट्रूफि मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने बिबिए दिवा तथा बिबिए फाइनान्स संयोजक सरोज कुँवरले जनाए। छात्रातर्फ प्रथम हुनेले नगद रु १० हजार तथा द्धितियले नगद रु ५ हजार सहित ट्रूफि मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन्।

# फौजीकिराले मासेको मकैमा असिनाको मार

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ जेठ

मकै बालीमा फौजीकिराको प्रकोपले पीडामा रहेका बागलुङ्का किसानलाई असिनापानीले थप पीडा दिएको छ। अमेरिकन फौजीकिराको प्रकोपका कारण मकैका बोट सखाप बन्दै गएपछि चिन्तामा रहेका किसानलाई यही जेठ ११ गतेको असिनापानीले थप पीडा दिएको हो।

बागलुङको काठेखोला गाउँपालिका, बागलुङ नगरपालिका, जैमिनी नगरपालिका, बरेङ गाउँपालिकालगायतका किसानले लगाएको मकैमा फौजीकिराको प्रकोप देखिएको जिल्ला विकास कार्यालय बागलुङ्का बाली संरक्षण अधिकृत सचिन गहतराजले बताउनुभयो। उहाँले किसानले दैनिक फोन गरेर फौजीकिरा देखिएको गुनासो गरेका उल्लेख गर्दै त्यसको नियन्त्रणका लागि कृषि विकास कार्यालयले विषादी उपलब्ध गराउँदै आएको बताउनुभयो। फौजीकिराकोप्रकोपमा परेको मकैबाली असिनापानीले थप सखाप पारेको उहाँले बताउनुभयो। फौजीकिराले मकै सखाप पारेको काठेखोला गाउँपालिका-५ का टिकादेवी कँडेलले बताउनुभयो। उहाँले किराले दिउँसोमा नदेखिने र रातिमा बाहिर निस्केर मकैको बोट खाएर नष्ट गर्ने गरेको बताउनुभयो। "दिउँसोमाकेहिपनिदेखिँदैन। रातिमा मकै खाएर नष्ट गर्ने रहेछ," उहाँले भन्नुभयो, "किराले भर्खरै हुर्कन लागेको मकैका बोट नष्ट गरेको छ।" खेतमा लगाएको मकैमा फौजीकिराको प्रकोपले मकैबाली नष्ट हुन थालेपछि यहाँका किसान समस्यामा परेका छन्। फौजीकिराको प्रकोपको कारण यस वर्ष मकै उत्पादनमा ह्रास आउने देखिएको छ। जिल्लाका विभिन्न ठाउँका किसानले मकैबालीमा फौजीकिराको प्रकोप देखिएको भन्ने गुनासो आएको कृषि विकास कार्यालयका बाली संरक्षण अधिकृत गहतराजले बताउनुभयो। "अहिले दैनिकजसो किसानले फौजीकिराले मकै नष्ट गरेको गुनासो गर्नुभएको छ," उहाँले भन्नुभयो, "फौजीकिरा रातिको समयमा बढी सक्रिय हुने गरेको छ, फौजीकिराको प्रकोप देखिएको ठाउँमा विषादीको प्रयोग गर्नुपर्छ।" जिल्ला कृषि विकास कार्यालय, प्रदेश कृषि प्रयोगशाला पोखरा, कृषि आधुनिकीकरण परियोजनाएकाईकार्यालयबागलुङ, काठेखोला गाउँपालिकाका कृषिशालाको टोलीले बुधबार काठेखोला गाउँपालिका-५ मा मकै बालीमा अमेरिकन फौजीकिराले पुऱ्याएको क्षतिको अनुगमन गरेको थियो। टोलीले किसानलाई समयमै विषादीको प्रयोग गर्न सुझाव दिएको छ।

प्रदेश कृषि प्रयोगशाला पोखराका बाली संरक्षण अधिकृत सन्तोष अधिकारीले अमेरिकन फौजीकिराले मकैको पातको हरियो पदार्थ खाने भएका कारण मकै नष्ट हुने गरेको बताउनुभयो। उहाँले फौजीकिरा नियन्त्रणका लागि सुरुआतमा जैविक विधि अपनाउन सकिने बताउनुभयो। अधिकृत अधिकारीले किरा देखिन थालेको अवस्थामै विषादीको प्रयोग गरेमा नियन्त्रण गर्न सकिने र कम क्षति हुने बताउनुभयो।

# उच्च रक्तचापका बिरामी बढ्दै

**रासस**
काठमाडौं, १२ जेठ

अस्वस्थकर खानपानका कारण उच्च रक्तचापका बिरामी बढिरहेको हुन्। वयस्क नेपालीमा उच्च रक्तचापको दर २४.५ प्रतिशत रहेको छ।

स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा निर्देशक डा अनुज भट्टचनले अत्यधिक नुन र हानिकारक चिल्लो पदार्थको खानपान शारीरिक निष्क्रियता, धूम्रपान तथा मद्यपानको बढ्दो प्रयोग, मानसिक तनाव, वायु प्रदूषण तथा सहरीकरण जस्ता कारणहरूले उच्च रक्तचापको जोखिम निरन्तर बढिरहेको बताउनुभयो। नेपालमा कुल मृत्युको करिब ७० प्रतिशत हिस्सा नसर्ने रोगहरूले ओगटेको छ। यसरी हुने मृत्युमध्ये मुटु तथा रक्तनली सम्बन्धी रोगबाट २७.३६ प्रतिशत रहेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभर करिब १.४ अर्ब मानिस उच्च रक्तचापबाट प्रभावित छन्। यो सङ्ख्या निरन्तर बढ्दो छ। उच्च रक्तचाप प्रभावित व्यक्तिमध्ये ठूलो हिस्सा आफ्नो रोगको अवस्थाबारे अनभिज्ञ हुनु हो। विभिन्न उपायले उच्च रक्तचाप नियन्त्रण गर्न सकिने हुँदाहुँदै चारमध्ये एक जनाको मात्र रक्तचाप नियन्त्रणमा रहेको छ।

दैनिक कम्तीमा ३० देखि ४५ मिनेट शारीरिक व्यायाम गर्ने, धूम्रपान तथा मद्यपानबाट टाढा रहने, पर्याप्त निद्रा र तनाव व्यवस्थापनमा ध्यान दिनसमेत स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आग्रह गरेको छ।

# सार्वजनिक जग्गामा स्याउ बगैँचा

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ जेठ



बागलुङको तमानखोला गाउँपालिकाले सार्वजनिक जग्गालाई आय आर्जनसँग जोड्न स्याउखेती विस्तार गरेको छ।

गाउँपालिकाले २४ रोपनी सार्वजनिक जग्गामा रु ४० लाख खर्चेर स्याउ बगैँचा निर्माण गरेको हो। गाउँपालिकाले जग्गाको संरक्षण, तारबार, थोपा सिँचाइ प्रविधिसहित एक हजार ४०० स्याउका बिरुवा हुर्काइरहेको छ।

गाउँपालिका-४ स्थित गोरदी र बयलीमा सार्वजनिक जग्गाको झाडी फाँडेर स्याउखेती विस्तार गरेको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले जानकारी दिनुभयो। "गाउँपालिकाले वडा कार्यालयको संरक्षणमा स्याउ बगैँचा विस्तार गरेको र अहिले स्याउका एक हजार ४०० बिरुवा एक वर्षदेखि हुर्किरहेका छन्", अध्यक्ष बुढाले भन्नुभयो, "चारदेखि पाँच वर्षमा स्याउ फल्ने गरी मुस्ताङबाट बिरुवा लिएर एक वर्षअघि लगाइएको छ, गाउँपालिकाले स्याउको प्रतिफल दिन थालेपछि स्थानीयलाई हस्तान्तरण गर्ने योजना छ, गाउँपालिकाले कार्यविधि बनाउँछ।" पालिकाले गरेको लगानीको प्रतिफल उठाउने र समुदायमा संरक्षणका लागि स्याउ बगैँचा हस्तान्तरण गर्नेगरी अहिले वडा कार्यालयले स्याउ बगैँचा विस्तार र संरक्षणको काम गरिरहेको छ। गाउँपालिकाको ठूलो लगानीमा खेर गएको सार्वजनिक जग्गा सदुपयोग गर्दै कृषिलाई पर्यटनसँग जोड्नेगरी काम गरिरहेको तमानखोला गाउँपालका-४ का अध्यक्ष छ प्रसाद श्रीपालीले जानकारी दिनुभयो। "गाउँपालिकाले उत्पादनको नीति ल्याएको हो, उत्पादनमा नोजोडिने हो भने गाउँको जमिन खाली हुन्छ, हामीले खेर गएको सार्वजनिक जग्गा व्यवस्थापन गरेर सिँचाइसहितको स्याउ बगैँचा स्थापना गरेको हो", श्रीपालीले भन्नुभयो, "चौबिस रोपनी जग्गामा एकसाथ स्याउ फल्दा कृषिमा जोडेर पर्यटनकोसमेत विकास गर्ने र बयलीमा स्याउ बगैँचाका बीचमा रिसोर्ट बनाउने योजना छ।" गोरदीमा रु सात लाख र बयलीमा रु ३३ लाख खर्च गरेर तारबार, सिँचाइसहितको स्याउ बगैँचा स्थापना गरिएको हो। सार्वजनिक जग्गालाई तारबार गरेर बिरुवा लगाउँदा संरक्षण भएको र उत्पादन खेर जाने समस्या अन्त हुने विश्वास गरिएको छ। मुस्ताङबाट पाँच वर्षभित्रै फल्ने गाला र गोल्डेन जातको स्याउको बिरुवा सम्भाव्यता अध्ययन गरेपछि लगाइएको गाउँपालिकाका कृषि प्राविधिक विधान बगालेले जानकारी दिनुभयो। समुन्द्र सतहदेखि दुई हजार ३०० मिटरको उचाइमा चिसो मौसममा स्याउ राम्रो फल्ने सम्भावना रहेको बगालेको भनाइ छ। स्याउले उत्पादन राम्रो दिएमा पर्यटनलाई लक्षित गरेर घरबास र रिसोर्ट लगायतको पूर्वाधारमा पालिकाले थप लगानी गर्ने योजना बनाएको छ।

# विद्यार्थीको दिवा खाजामा स्थानीय उत्पादन 'सखरखण्ड'

**पोखरापत्र संवाददाता**
नवलपरासी, १२ जेठ

रुपन्देहीको कञ्चन गाउँपालिकाले विद्यालय तहका विद्यार्थीको पोषण सुधार तथा दिवा खाजामा स्थानीय उत्पादनलाई प्राथमिकता दिनेभएको छ।

सो पालिकाले स्थानीयस्तरमा उत्पादित सखरखण्ड समावेश गरी दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने भएको हो। सो पालिकामा पर्याप्त मात्रामा उत्पादन हुने सुन्तला रङको गुणस्तरीय सखरखण्ड गाउँमै खपत गर्ने उद्देश्यले दिवा खाजामा समावेश गर्न अनुरोध गरेको विद्यालयले स्पष्ट गरेको छ। स्थानीय किसानले उत्पादन गरेको सखरखण्ड विद्यार्थीको दिवा खाजामा समावेश गर्न गाउँपालिकाले नीति ल्याएको हो। गाउँपालिका अध्यक्ष नवराज ढकालका अनुसार पौष्टिकतत्वले भरिपूर्ण तथा भिटामिन 'ए' प्रसस्त पाउने सखरखण्डले विद्यार्थीको स्वास्थ्य, वृद्धि विकास र पढाइ क्षमतामा सकारात्मक प्रभाव पार्न सक्ने भनी दिवा खाजामा राख्न लागिएको हो। "गाउँपालिकामा रहेका १९ सामुदायिक विद्यालयको दिवा खाजामार्फत बालबालिकालाई कुपोषणबाट बचाउनका लागि सखरखण्ड खुवाउने कार्यक्रम अगाडि बढाएका हौँ", उहाँले भन्नुभयो। सुरुमा गाउँपालिकाभित्रका धेरै जग्गामा खेती गर्ने सात जना किसानलाई बाहिरबाट बीउ मगाएर खेति गर्न प्रोत्साहित गरिएको थियो। विद्यार्थीको दिवा खाजामा यो परिकार समावेश गर्ने विषयमा संस्थागत विद्यालयका प्रधानध्यापक तथा सञ्चालकहरूसँग पहिलो चरणको छलफल भएको अध्यक्ष ढकालले बताउनुभयो।

दिवा खाजा कार्यक्रमअन्तर्गत स्थानीय उत्पादनलाई प्राथमिकता दिँदा किसानलाई पनि प्रत्यक्ष लाभ पुग्ने ढकालले बताउनुभयो। "यसको बजारीकरण भयो भने किसानको आम्दानीको स्रोत बन्छ", उहाँले भन्नुभयो, "अहिले सात जना किसानसँगै महिला समूह र महिला स्वयंसेविकाहरूलाई पनि यसको खेती गर्न बीउ उपलब्ध गराइएको छ।" विद्यालयको दिवा खाजामा स्थानीय उत्पादनलाई समावेश गर्नु दिगो पोषण व्यवस्थापनका लागि महत्वपूर्ण कदम हो। यसले बालबालिकामा अस्वस्थकर तथा हानिकारक खानाको निर्भरता घटाउन मद्दत गर्ने कञ्चन गाउँपालिका हरैया माबि विद्यालयका दिवा खाजा कार्यक्रम हेर्ने शिक्षक भरत शर्मा बताउनुहुन्छ।

"अहिलेसम्म विद्यालयमा खिर, हलुवा, समोसालगायतका खाद्यपरिकार दिवा खाजामा राखिएको थियो। अबदेखि दिवा खाजा परिकारमा सुन्तला रङको सखरखण्ड मिसाएर खुवाउन सकिन्छ", उहाँले भन्नुभयो। परियोजना संयोजक भीमा पराजुलीका अनुसार 'हेलेन केलर' संस्थाको प्राविधिक सहयोगमा सुरु गरिएको सुन्तला रङको सखरखण्ड बङ्गलादेशबाट मगाएर नेपालमा खेति गर्न थालिएको हो।

उहाँले कञ्चन गाउँपालिकामा पोषणको क्षेत्रमा काम गर्दै जाँदा सुन्तला रङको सखरखण्डमा भिटामिन 'ए' सहित अन्य पोषणतत्व प्रशस्त पाउने भएपछि गाउँपालिकासँगको सहकार्यमा दिवा खाजामा सखरखण्ड राख्ने कार्यक्रमलाई प्राविधिक सहयोग गरिएको बताउनुभयो।

# बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्ड अवरुद्ध

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ जेठ

मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्ड अवरुद्ध भएको छ।

म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ माथिल्लो बैसरीमा आज दिउँसो वर्षासँगै पहिरो खसेपछि ७६ किलोमिटर दूरीको बेनी-जोमसोम सडकमा सिधा यातायात सम्पर्कविच्छेद भएको हो। दुईतर्फको पहिरोको बीचभागमा चारवटा गाडी फसेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सागर तिमिल्सिनाले बताउनुभयो।

सुरक्षाकर्मीका टोलीले पहिरोका बीचमा फसेका यात्रुहरूको उद्धार गरेर सुरक्षित ठाउँमा लगेको उहाँले बताउनुभयो। सडक विभाग र बेनी-जोमसोम-कोरला सडक योजनासँग समन्वय गरेर पहिरोमा फसेका गाडी निकाल्न र अवरुद्ध सडक खुलाउन उपकरण परिचालन भएका छन्। पानी परिरहेका र पहिरो खसिरहेकाले गाडी निकाल्ने र अवरुद्ध सडक खुलाउन जोखिम रहेको छ।

सडक अवरुद्ध हुँदा बेनीदेखि मुस्ताङ र जोमसोमदेखि बेनीतर्फ आउँदै गरेका सवारीसाधनहरू बीच बाटोमै रोकिएका छन्।

स्थानीयवासीका साथै मुस्ताङ घुम्न तथा मुक्तिनाथ दर्शनमा जाने-आउने पर्यटक र तीर्थयात्रीहरू प्रभावित भएका छन्।

# ‘अल्गोरिमदमले मानिसको आनीबानीलाई ‘माल’ बनाइदियो’

**पोखरापत्र संवाददाता**
पोखरा, १२ जेठ




भौतिकशास्त्री सहप्राध्यापक डा. कपिल अधिकारी पछिल्लो समय अल्गोरिदमले मानिसको आनिबानीलाई ‘माल’ बनाइरहेको बताएका छन् ।

पोखरा महानगरपालिका वडा नं. १३ को आयोजनामा वडा कार्यालय परिसरमा भएको दोस्रो साहित्य पर्व-२०८३ मा डा. रामचन्द्र बरालसँग गफिँदै उनले सामाजिक सञ्जालको एल्गोरिदमले मानिसको आनीबानीलाई जिन्सी सामान जस्तो बनाइदिएको बताएका हुन् । साहित्य पर्वमा ‘अक्षरदेखि अल्गोरिदमसम्म : हाम्रो अबको शिक्षा र बदलिँदो समाजको स्वरुप’ विषयक सेसनमा उनले सामाजिक सञ्जालले मानिसले गर्ने दैनिकीलाई डाटामा परिवर्तन गरेर त्यसलाई सित्तैमा लिएर अल्गोरिदमले काम गरिरहेको उनले सुनाए । ‘हामीले प्रयोग गर्ने सोसल मिडियाले एटेन्सन क्यास गर्ने फिलोसोफीलाई अप्टिमाइज गरेर मोबाइलमा हाम्रो क्रियाकलाप हुक गरिरहने फर्मुलालाई हामीले एल्गोरिदम भनेका छौं,’ उनले भने, ‘तपाईं के खानुहुन्छ, के गर्नुहुन्छ, बाटोमा कति समय भुल्नुभयो जस्ता तपाईका व्यावहारलाई डाटामा कन्भर्ट गरेर सित्तैमा लिएर प्रचार गरिरहेको छ । तपाईंले अहिलेसम्म खोला, जग्गा जस्ता प्राकृतिक स्रोतलाई माल बनाएको देखिरहेका छौं । अहिले नयाँ के भयो भने तपाईंको आनीबानीलाई पनि माल बनाइदियो ।’

अभिव्यक्तिको माध्यम परिवर्तन भएपछि त्यो माध्यममा आउने कन्टेन्ट पनि परिवर्तन भएर आउने उनको भनाइ थियो । ‘जब हामी लेखनमा गयौं, लेख्न थाल्यौं, जब मान्छेले लेख्न थाल्यो, लेख्न थालेपछि गणित गर्न थाल्यो, विज्ञान गर्न थाल्यो,’ उनले भने, ‘जब हामीले अभिव्यक्तिको माध्यम परिवर्तन गर्छौं, अभिव्यक्तिको माध्यम परिवर्तन गरेपछि त्यो माध्यममा आउने कन्टेन्ट पनि परिवर्तन हुन्छ, हुँदोरहेछ ।’ अहिलेका पुस्ता लेख्न थालेसँगै लेखेका चिजहरू रेकर्ड गरेर त्यसैमा आधारित रहेर नयाँ ज्ञानको उत्पादन गर्ने सिलसिलामा पुगिसकेकाले अक्षरदेखि अल्गोरिदमसम्म पुगिसकेको उनको भनाइ थियो ।

अग्लोरिदमको जमनामा पुस्तक आवश्यक आवश्यक रहेको बारेमा उक्त सेसनमा चर्चा गरिएको थियो । अक्षरदेखि अल्गोरिदमसम्म आइपुग्दा अध्ययन र पुस्तकको ठूलो भूमिका रहेको विषयमा वक्ता डा. कपिल र सहजकर्ता डा. बरालले विशेष ध्यान दिएका थिए । समाज बुझ्नका लागि पढ्नैपर्ने डा. कपिलको भनाइ थियो । ‘जब तपाईं लेखनको माध्यमबाट तपाईं अडियो माध्यम र अडियो भिडियो माध्यममा जानुहुन्छ, तपाईं आइडियाबाट तपाईं संस्कृतिमा जानुहुन्छ,’ उनले भने, ‘यदि तपाईंलाई आइडिया चाहियो भने, समाज आइडियाले चल्ने हो भने, समाज परिवर्तनको लागि नयाँ नयाँ विचारहरू निर्माण गर्नुपर्ने हो भने, तपाईंलाई फिलोसोपी चाहिन्छ यो समाजलाई निर्माण गर्न, समाजलाई बुझ्नलाई भने पढ्नै पर्छ ।’ त्यसकारण आइडियाले समाज चल्ने र दर्शन चाहिने भएकाले पढ्ने पर्ने उनको तर्क थियो । पछिल्लो डिजिटल युगमा पुस्तकालयको महत्व घट्दै गएको अवस्थामा अल्गोरिदमलाई पछ्याउँदै सामाजिक सञ्जाललाई पढाइ केन्द्रित गर्नुपर्नेमा सहजकर्ता डा. बरालको जोड थियो । ‘मेरो पुस्तकालयमा नभएको, मेरो देशमै नभएको तर जिजिटल युगमा भएको कुनै न कुनै किताबलाई डिजिटल एल्गोरिदमको प्रयोग गर्न सकिन्छ,’ उनले भने, ‘यो अवस्थामा डिजिटल एल्गोरिदमको व्याकअपबाट अर्को ध्रुवको किताब पनि त अडियो टेक्स्ट अर्को भाषाको भए पनि अनुवाद गरेर समाजको ज्ञान निर्माणमा एल्गोरिदम सपोर्ट गरिरहेको छ ।’

# जलजला घोषणापत्र जारी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ जेठ



धवलागिरि गाउँपालिका-२ मा रहेको जलजला क्षेत्रको दिगो पर्यटन प्रवर्द्धन, पर्यावरण संरक्षण र बृहत्तर पूर्वाधार विकासका लागि ‘ जलजला घोषणापत्र-२०८३’ जारी भएको छ ।

धवलागिरि गाउँपालिकाको आयोजनामा समुन्द्री सतहदेखि तीन हजार ४१८ मिटर उचाइमा रहेको जलजलामा सोमबार सम्पन्न अन्तरक्रियामा प्राकृतिक, वातावरणीय र ऐतिहासिक दृष्टिकोणले अनुपम, एवं ढोरपाटन सिकार आरक्षसँग जोडिएको जलजलाको एकीकृत विकास र प्रवर्द्धनका लागि सात बुँदे घोषणापत्र जारी भएको हो । घोषणापत्रले जलजलालाई पर्या-पर्यटनमार्फत स्थानीय समुदायको जीवनस्तर उकास्ने तथा राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा परिचित पर्यटकीय गन्तव्य बनाउने लक्ष्य राखिएको धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले जानकारी दिनुभयो । हालै मार्ग खुलेको मध्यपहाडी लोकमार्गको बागलुङ काँक्री खण्डको वैकल्पिक बेनी-दरबाङ-मुना-जलजला-ढोरपाटन-तकरसेरा सडकलाई बाह्रै महिना सञ्चालनयोग्य बनाउन स्तरोन्नति गर्न सङ्घ र प्रदेश सरकारसँग सामूहिक पहल गरिने घोषणापत्रको पहिलो बुँदामा उल्लेख गरिएको छ ।

पर्यटकको सहजताका लागि पर्यटन सूचना केन्द्र स्थापना गर्ने, पदमार्ग निर्माण तथा संरक्षणमा जोड दिने योजना पनि अघि सारिएको छ । जलजला क्षेत्र ढोरपाटन सिकार आरक्षसँग जोडिएकाले संयुक्त पर्यटन प्याकेज सञ्चालन गर्ने, जलजला-ढोरपाटन सर्किट ट्रेक विकास गर्ने र पश्चिम नेपाल पर्यटन सर्किटसँग जोड्ने लक्ष्य राखिएको छ । घोषणापत्रमा जलजला क्षेत्रको जैविक विविधता संरक्षणलाई पनि महत्व दिइएको छ । लालीगुराँस, चिमालको वन, बहुमूल्य जडीबुटी तथा रेडपाण्डा र कस्तुरीजस्ता दुर्लभ वन्यजन्तुको संरक्षणका लागि शून्य प्लास्टिक क्षेत्र घोषणा गर्ने र वृक्षरोपण अभियान सञ्चालन गर्ने उल्लेख गरिएको छ ।

त्यसैगरी, म्याग्दी, बागलुङ र रुकुमका स्थानीय तहबीच समन्वय र सहकार्यमार्फत एकीकृत पर्यटन सर्किट विकास गरिने भएको छ । घोषणापत्रमा स्थानीय समुदायलाई पर्यटनसँग जोड्न सामुदायिक घरबास ‘होमस्टे’ सञ्चालन, स्थानीय कला, संस्कृति, वेषभूषा र परिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने उल्लेख छ । स्थानीय कृषि उत्पादन, भेडाच्याङ्ग्रा, हस्तकला र जैविक उत्पादनलाई पर्यटनसँग जोडेर कोसेलीका रूपमा विकास गर्ने योजना पनि समावेश गरिएको छ । जलजला क्षेत्रमा विद्युत्, सञ्चार सेवा विस्तारका लागि पहल गर्ने तथा सञ्चारकर्मीको सहकार्यमा ‘चिनौं जलजला, घुमौं जलजला’ डिजिटल अभियान सञ्चालन गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा समेटिएको छ । यसैगरी, जलजला क्षेत्रको दीर्घकालीन विकासका लागि एकीकृत पर्यटन गुरुयोजना निर्माण गरी सङ्घ, प्रदेश र स्थानीय तहबाट विशेष बजेट विनियोजनका लागि पहल गरिने जनाइएको छ ।

दुई दिनसम्म सञ्चालन भएको कार्यक्रममा सहभागी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन), हरिबहादुर भण्डारी, जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख डिलकुमारी खत्रीसहित ढोरपाटन शिकार आरक्षमा पर्ने, बागलुङ, पूर्वी रुकुम र म्याग्दीका सबै स्थानीय तहका जनप्रतिनिधिहरुले प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्ती, अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, तमानखोला गाउँपालिकाका उपाध्यक्ष हीराकुमारी छन्त्याल, मङ्गला गाउँपालिकाका उपाध्यक्ष प्रेमकुमारी क्षेत्री, नेपाल पत्रकार महासङ्घ म्याग्दीका अध्यक्ष हरि कृष्ण गौतमलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

जलजलाको सम्भावनाको उजागर, समस्या समाधानका लागि साझा मुद्दा तयगरी जिल्ला, प्रदेश, सङ्घीय तहमा पहल गर्ने उद्देश्यले कार्यक्रम गरिएको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो ।

# मुस्ताङका उच्चलेकमा यार्सागुम्बा सङ्कलन

**सुन्दरकुमार थकाली**
मुस्ताङ, १२ जेठ/रासस

जिल्लाका पाँचमध्ये चार स्थानीय तहका उच्चलेंकमा औषधीय गुण भएको बहुमूल्य जटीबुटी यार्सा गुम्बा सङ्कलन सुरु भएको छ । राष्ट्रिय प्रकृति संरक्षण कोष,अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत एक्याप जोमसोम र एक्याप लोमान्थाङको कार्यक्षेत्रमा पर्ने उच्च लेकहरूमा धमाधम यार्सा सङ्कलन भइरहेको छ ।

यहाँका आधा दर्जन बढी उच्चलेक, खर्क र पाटनमा यार्सा गुम्बा सङ्कलन भइरहेको एक्यापले जनाएको छ । समुद्री सतहको चार हजारमाथिको उचाइ क्षेत्रमा वन्य औषधीय जटीबुटी यार्सा पाइन्छ । बर्सेनि वैशाखदेखि असारमहिना सङ्कलन गरिने यार्सा सङ्कलन गर्न स्थानीय र जिल्ला बाहिरका मानिसले सम्बन्धित संरक्षण क्षेत्र व्यवस्थापन समिति (सिएमसी)ले तोकेको शुल्क तिरेर अनुमतिपत्र (पुर्जी) लिई उच्चलेक र पाटनतर्फ प्रस्थान गरेका एक्याप जोमसोमका प्राकृतिक स्रोत संरक्षण सहायक दिपक ओलीले जानकारी दिनुभयो । यार्सा सङ्कलन छोडपुर्जी अनुमतिका लागि यहाँका विभिन्न समितिले एक्याप कार्यालयबाट पूर्वलिखित अनुमति लिनुपर्ने प्रावधान रहेको उहाँको भनाइ छ ।

मुस्ताङको पाँच स्थानीय तहमध्ये थासाङ, घरपझोङ, वारागुङ मुक्तिक्षेत्र र लोघेकर दामोदरकुण्ड गाउँपालिका क्षेत्रका उच्चलेक, खर्क र पाटनमा यार्सा सङ्कलन कार्य सुरु भइसकेको छ । स्रोत संरक्षण सहायक ओलीका अनुसार थासाङ गाउँपालिकाको कुञ्जो, कोवाङ, टुकुचेलगायतका संरक्षण व्यवस्थापन समितिले वैशाख २ गतेदेखि उच्चलेकमा यार्सा सङ्कलन फुकुवा गरेका हुन् । यसैगरी यहाँका घरपझोङ गाउँपालिकास्थित संरक्षण व्यवस्थापन समिति जोमसोमले वैशाख २५ गतेदेखि यार्सा सङ्कलन फुकुवा गरेको समितिका सचिव पवन गुरुङले जानकारी दिनुभयो । जोमसोम संरक्षण क्षेत्र व्यवस्थापन समितिको मातहतमा रहेको घरपझोङ-५ छत्रबाङ लेकदेखि नमखुलेक, हुँदै लुप्रा लेकसँग सिमाना जोडिएको कुइ्ले लेकसम्मको क्षेत्रमा यार्सा सङ्कलन फुकुवा गरिएको समिति सचिव गुरुङले उल्लेख गर्नुभयो ।

जोमसोम समितिले यार्सा सङ्कलनका लागि जोमसोम समितिअन्तर्गत ढुम्बा, सम्ले, ठिनी र जोमसोमका रैथाने कुरिया दर्ता भएका स्थानीयलाई चार हजार र स्थानीयको घर खेत अधिया कमाएर बसेका व्यक्तिहरूलाई छ हजार शुल्क लिने गरी यार्सा सङ्कलन गर्न अनुमतिपत्र (पुर्जी) दिने गरेको सचिव गुरुङले बताउनुभयो । जोमसोम समितिअन्तर्गतको लेकमा हालसम्म ६५ जनाले अनुमति लिएका समिति सचिव गुरुङले जानकारी दिनुभयो । एक्यापअन्तर्गत वारागुङ मुक्तिक्षेत्र-१ स्थित मुक्तिनाथ संरक्षण क्षेत्र व्यवस्थापन समितिले आइतबारदेखि यार्सा सङ्कलन फुकुवा गरेको जनाएको छ । समिति मातहतको उच्चलेकमा यार्सा सङ्कलन गर्ने अनुमतिका लागि स्थानीय व्यक्तिलाई रु तीन हजार र जिल्ला बाहिरका व्यक्तिलाई रु छ हजार शुल्क तोकिएको समितिका सचिव लाक्पाटसी गुरुङले जानकारी दिनुभयो । मुक्तिनाथ माथिको रिसम्बा लेक र लुप्रा गाउँ माथिको नेर झोङ उच्चलेकमा यार्सा सङ्कलन गर्न दुईदिनको फेरोमा १६५ जना व्यक्तिले अनुमतिपत्र लिइसकेका छन् । मुक्तिनाथ क्षेत्रको उच्चलेक, खर्क र पाटनमा उच्चलेकमा यार्सा अनुमति लिनेहरू शतप्रतिशत जिल्ला बाहिरका व्यक्तिहरू भएको सचिव गुरुङले बताउनुभयो । गत वर्ष यार्सा गुम्बाको मूल्य कम भएकाले यस वर्ष यार्सा सङ्कलनकर्ता कम मात्रामा आएका मुक्तिनाथ समितिले जनाएको छ । गतवर्षको तुलनामा यस वर्ष मुक्तिनाथ लेंकमा यार्सा सङ्कलन गर्नेको सङ्ख्या ५० प्रतिशतले घटेको समिति सचिव गुरुङको भनाइ छ । वारागुङ मुक्तिक्षेत्र-२ को झोङ संरक्षण व्यवस्थापन समितिले पनि एक्यापबाट अनुमति लिएर उच्चलेकमा यार्सा सङ्कलन गर्न फुकुवा गरेको जनाइएको छ । यसैगरी उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड-५ ताङ्ग्यास्थित सुर्खाङ संरक्षण क्षेत्र व्यवस्थापन समितिले पनि यार्सा सङ्कलन फुकुवा गरिसकेको एक्याप लोमान्थाङ प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो । समितिअन्तर्गतको पा लेकमा यार्सा सङ्कलन गर्न समितिले एक्याप कार्यालयबाट अनुमति लिएको प्रमुख पौडेलको भनाइ छ । प्रमुख पौडेलका अनुसार लोमान्थाङ गाउँपालिकामा यार्सा सङ्कलन नहुने गरेको र लोघेरक दामोदरकुण्डमा सुर्खाङ समितिले मात्रै यार्सा सङ्कलन फुकुवा गरेको जानकारी दिनुभयो । अन्नपूर्ण संरक्षित क्षेत्रअन्तर्गत यहाँका उच्चलेकमा एक्यापअन्तर्गतको समितिबाट यार्सा सङ्कलन अनुमपतिपत्र (पुर्जी) वितरण गरिएको भएपनि यहाँका कतिपय गाउँका लेकहरूमा यार्सा सङ्कलन गर्न एक्यापको अनुमति नलिई गाउँसमाजबाटै यार्सा गुम्बा फुकुवा गरिएको छ । यहाँको घरपझोङ-२ मार्फा, वारागुङ मुक्तिक्षेत्र अन्तर्गत छेङ्गुर,कागबेनी र छुसाङलगायतका गाउँबाट एक्यापको समन्वय नभई गाउँ समाजबाटै यार्सा सङ्कलन फुकुवा गरिएको छ । मुस्ताङमा यार्सा गुम्बा सङ्कलन गर्ने सिजन सुरु भएसँगै यहाँका उच्चलेक, खर्क र पाटनहरूमा यार्सा सङ्कलनकर्ताको चहलपहल बढेको छ । यार्सा सङ्कलनका लागि एकदुई महिनासम्म लेंकमा बस्ने गरी खाने र बस्ने लगायतका बन्दोबस्तीका सामान साथै लिएर यार्सा सङ्कलन गर्ने व्यक्तिहरू उच्चलेकमा पुगिसकेका छन् । मुस्ताङका उच्चलेंकमा सङ्कलन गरिएका यार्सा गुम्बा जिल्ला बाहिर लैजान परेमा सम्वन्धित स्थानीय तह, संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई राजश्व र दस्तुर बुझाउनुपर्ने हुन्छ । यार्साको कारोबार गर्ने व्यापारीले जिल्ला बाहिर ढुवानी गर्नु परेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नियमअनुसार प्रतिकेजी रु ३१ हजार राजस्व बुझाउनुपर्ने प्रावधान रहेको छ । यसको बजार मूल्य गुणस्तरका आधारमा प्रतिकेजी सरदर रु १५ लाखदेखि २५ लाखसम्म रहने गोर्खाका यार्सा व्यवसायी काजीराम गुरुले बताउनुभयो । राजस्व तिरेर जिल्लाबाट वार्षिकरुपमा पाँचदेखि सात केजीसम्म निर्यात हुने गरेको सरकारी तथ्याङ्क छ । नेपालबाट उत्पादित यार्सामध्ये ८० प्रतिशत चीन अन्य देशमा बाँकी निर्यात हुने गरेको छ । यार्साको सिजन सुरु भएसँगै एक्यापले वन्यजन्तुको चोरी सिकारी, वन डढेलो नियन्त्रण र उच्चलेक, खर्क र पाटनमा हुनसक्ने अवान्छित गतिविधि रोकथाम गर्न यसै वर्षदेखि एआई जडित ड्रोन क्यामेरा प्रयोगमा ल्याएको छ । उच्चलेकमा हुने सबै प्रकारको जोखिम र अपराध नियन्त्रण तथा त्यसको पहिचान गर्न एआई ड्रोन क्यामेरा प्रयोगमा ल्याएको हो । यसका अलावा वन तथा उच्चलेकमा अपराधिक क्रियाकलाप रोक्न एक्यापद्वार प्रशासन,प्रहरी र संरक्षण क्षेत्र व्यवस्थापन समितिको रोहबर पैदल गस्तीसमेत गर्ने गरिएको एक्यापले जनाएको छ । हिमाली क्षेत्रको उच्चलेक, खर्क र पाटनमा पाइने औषधीय जडीबुटी यार्सा गुम्बा एक प्रकारको प्राकृतिक जीव र वनस्पति मिश्रित जीव हो । यसलाई कतिपयले यार्सा नभनी किरा टिप्न जाने भनेरसमेत भन्ने गर्छन । हिमाली क्षेत्रको उच्चलेकमा पाइने एक विषेश प्रकारको पुतलीको लार्भा (किरा) जमिनभित्र बस्छ । त्यस किराको शरीरमा ‘कर्डिसेप्स’नामको ढुसी प्रवेश गर्छ । ढुसीले विस्तारै किराको शरीरभित्र विकशित हुँदै किरालाई मारेपछि त्यसभित्र बस्छ । हिउँदयामको जाडो महिना सुरु हुँदा मृत किराको टाउँकोबाट सानो घाँस जस्तो डाँठ पैदा भई बाहिर निस्कन्छ । सोही किराको शरीर र माथि उम्रिएको ढुसी मिलेर बनेको वस्तुलाई यार्सा गुम्बा भन्ने गरिएको हो । समग्रतामा यार्सा भनेको गर्मीयामको घाँस र गुम्बा भनेको जाडोयामको किरा भन्ने तिब्बती अर्थबाट यसको नामकरण गरिएको हो । हिमाली क्षेत्रमा पाइने यार्सा गुम्बाको सेवनले शारीरिक तन्दुरुस्ती र ताकत क्षमता बढाउने गर्छ । यार्सा सेवनले यौन क्षमता र रोग प्रतिरोधात्मक क्षमता बढाउन उपयोगी मानिन्छ । यार्सा गुम्बालाई विदेशीहरूले औषधी उत्पादनका लागि प्राकृतिक केमिकलको रुपमा प्रयोग गर्ने भएकाले विश्व बजारमा यसको खपत बढी हुने गरेको छ ।

# भेडा बिक्री गरेर मौरीपालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ जेठ

म्याग्दीको धौलागिरि गाउँपालिका-१ गुर्जाका रेशम छन्त्यालले परम्परागत भेडापालन छोडेर व्यावसायिक मौरीपालन गर्नुभएको छ ।

घुम्ती गोठमा भेडापालन गर्ने पेसाको विकल्पमा मौरीपालन गरेका ४४ वर्षीय छन्त्याल स्वरोजगार र आत्मनिर्भर बन्नुभएको हो । “हिउँद, बर्खा, झरीबादल नभनी भेडाबाख्राको पछि लागेर लेकबेँसी गर्नुभन्दा घर वरपरकै बारीमा घार थापोर मौरीपालन गर्दा आफू र परिवारलाई सजिलो छ”, उहाँले भन्नुभयो, “हाल ८० घर मौरी छन् । प्रतिलिटर रु दुई हजारका दरले वार्षिक ३०० लिटर मह उत्पादन गरेर घरबाटै बिक्री गर्छु ।” छन्त्यालका बुबा र बाजेले परम्परागत रुपमा भेडापालन गर्दै आउनुभएको थियो । रोजगारीको खोजीमा केही वर्ष खाडीमुलुक बिताएका रेशमले करिब १५ वर्ष गाउँमै भेडापालन गर्नुभएको थियो । उहाँले आठ वर्षअघि भेडा बेचेर मौरीपालन गर्न थाल्नुभएको थियो । घरमै रहेको स्थानीय ‘एपी सेरेना’ जातको मौरीको चार/पाँच वटाबाट घार छुट्टाएर २०० वटासम्म बनाएको उहाँले बताउनुभयो । “जङ्गलमा महशिकार गरिने, हावापानी र मौसम अनुकूल भएकाले मौरीपालनलाई रोजेको हो”, उहाँले भन्नुभयो, “मौरीको आनीबानीको बारेमा जानकार भएकाले घार विस्तार गर्न समस्या भएन् ।” सामाजिक सञ्जाल ‘युट्युब’ मा कृषि विज्ञहरूको भनाइबाट प्रभावित भएर मौरीपालन गरेका छन्त्यालले हालसम्म सरकारी निकाय तथा गैरसरकारी संस्थाबाट तालिम र अनुदान सुविधा नलिएको बताउनुभयो ।

गुर्जाका साथै मौरी चराउन लाछावाङमा पनि लैजाने गर्नुभएको छ । ग्राहक घरमै आउने भएकाले मह बिक्रीका लागि समस्या नभएको छन्त्यालले बताउनुभयो । अधिक वर्षा र हिमपातका समयमा चरनको अभाव हुँदा मौरीलाई महनै आहारा दिने गर्नुभएको छ । वरपरका वनजङ्गल र खेतबारी मौरीको चरन क्षेत्र हुन् ।

धेरै जाडो र फूल नफुल्दा मौरीलाई आहारा व्यवस्थापनमा समस्या हुने गरेको उहाँको अनुभव छ । जङ्गली जनावर भालु र मालछेपारोको आक्रमणबाट मौरीलाई जोगाउनु अर्को चुनौती रहेको छ । भौगोलिक विकटताका कारण बागलुङमा रहेको आन्तरिक राजस्व कार्यालयमा पुगेर फर्म दर्ता तथा पान नम्बर लिन नपाएको छन्त्यालले गुनासो गर्नुभयो । हालै सडक सञ्जालमा जोडिएको धौलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झक छन्त्यालले घुम्ती शिविर आयोजना गरेर मौरीपालक किसान रेशमसहितका उद्यमी, कृषक र व्यवसायीलाई दर्ता, करको दायरा, तालिम र अनुदान सुविधामा जोड्न पहल गरिने बताउनुभयो ।

# बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्ड अवरुद्ध

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ जेठ

मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्ड अवरुद्ध भएको छ ।

म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ माथिल्लो बैसरीमा आज दिउँसो वर्षासँगै पहिरो खसेपछि ७६ किलोमिटर दूरीको बेनी-जोमसोम सडकमा सिधा यातायात सम्पर्कविच्छेद भएको हो । दुईतर्फको पहिरोको बीच भागमा चार वटा गाडी फसेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सागर तिमिल्सिनाले बताउनुभयो । सुरक्षाकर्मीको टोलीले पहिरोका बीचमा फसेका यात्रुहरूको उद्धार गरेर सुरक्षित ठाउँमा लगेको उहाँले बताउनुभयो ।

सडक विभाग र बेनी-जोमसोम-कोरला सडक योजनासँग समन्वय गरेर पहिरोमा फसेका गाडी निकाल्न र अवरुद्ध सडक खुलाउन उपकरण परिचालन भएका छन् । पानी परिरहेका र पहिरो खसिरहेकाले गाडी निकाल्ने र अवरुद्ध सडक खुलाउन जोखिम रहेको छ ।

सडक अवरुद्ध हुँदा बेनीदेखि मुस्ताङ र जोमसोमदेखि बेनीतर्फ आउँदै गरेका सवारीसाधनहरू बीच बाटोमै रोकिएका छन् । स्थानीयवासीका साथै मुस्ताङ घुम्न तथा मुक्तिनाथ दर्शनमा जाने-आउने पर्यटक र तीर्थयात्रीहरू प्रभावित भएका छन् ।